# कथा : घाम-छाया जिन्दगीको

- *कपिल लोहनी **

धरान शहरभित्रै चौडा तथा सफा पिच रोडको छेउको दुईतले घर । आधुनिक तवरले बनाइएको सो घरको हरियो बगैँचामा ह्वील चेयरमा बसेर वातावरणको आनन्द लिईरहेको ४०-४२ वर्षको एक व्यक्ति । उ अहिले एक्लै भयानक सोचमा डुबेको छ । यी व्यक्ति हुन्-वृटिश सेनाबाट केही वर्ष पहिले रिटायर्ड भएका लप्टन गोपाल । कलिलै उमेरमा सेनामा भर्ती भएको गोपालले आफ्नी पत्नी कान्छीमायालाई पल्टनबाट छ महिनाको लागि बिदामा आउँदा मागीबिहे गरेको थियो । पल्टनको जागीरे, हङकङमा बस्ने, भर्खरै कर्पोरल भएको लाहुरे, त्यसमा पनि अति हिस्सी परेको । कुरो सुन्ने बित्तिकै हुन्छ भनेका थिए केटीका फुपु र बडीहरुले । तर, केटाका आमाबाबाले एक चोटी केटा र केटीलाई भेटाउनु पर्छ, राशी र गोत्र जुधाएर हेर्नुपर्छ भनेपछि सोहीअनुरुप गर्ने टुङ्गो भयो । केटी भेट्ने दिन पनि चिया र मिठाईको किस्ती बोकेर आएकी कान्छीमायासँग आँखा जुध्ने बित्तिकै गोपाल मन्द मुस्कानका साथ अति प्रसन्न भएको थियो । रातको पूर्णचन्द्रजस्ती उज्याली कान्छीमाया पनि तीनजना केटाहरुमध्ये गोपालैतिर हेर्दै मुसुक्क हाँसेर भागेकी थिईन्, मानौं उनले भविष्यको प्रियतम र जीवनसाथी यही नै हो भनेर चिनिसकेकी थिइन् । ह्वील चेयरमा बसिरहेको गोपाल झसङ्ग हुन्छ र विगतको कुराका रमाइला पलहरु सम्झेर मुस्कुराउँछ र पुनः भावुक हुन्छ ।

देखादेख भएको दुई महिनापछि उनिहरुको बिहे भएको थियो र त्यसको केही समयपछि गोपाल छुट्टी सकेर कान्छीमायालाई आमाबाबाको साथमा छोडेर हङकङ फर्किसकेको थियो । सिपाही हुँदा अति नै अनुशासनमा रहेको केटो कर्पोरल भएपछि केही सामाजिक हुन वाध्य भयो र बिस्तारै बियर पिउने आदतमा पनि फँस्यो । अफिसर भए पश्चात प्रत्येक दिन साँझ परेपछि मेसमा पिउने पार्टी हुन्थ्यो । त्यस्ता जमघटमा गोरा अफिसरहरु पनि सामेल हुन्थे । बिहान खेल खेल्दा बियरबाजी राख्यो, हारे पनि जिते पनि बेलुकी बियर पिउन पाइने । फकर यतिमात्र कि हारेमा आफूले र जितेमा हार्नेले तिर्ने ।

घर आएर बिहे गरेको केही समय पछि आफ्नी प्यारी श्रीमती कान्छीमायालाई नेपालमा नै छाडी हङकङ जान परेकोले गोपालको मन सँधै घर तिर नै दौडीरहन्थ्यो । श्रीमतीबाट टाढा भएकोमा उसलाई निकै सुन्ने लागि रहन्थ्यो । उता कान्छीमाया पनि गोपालको सामिप्य नपाएकोले निकै टोलाउन थालेकी थिइन् । उनी उसैको पत्रको इन्तजारमा बसीरहन्थिन् । चराहरुसँग मन मनै कुरा गर्ने भइसकेकी थिइन् । “खै तिमीहरुले मेरो खसमको चिठी र खवर ल्याइदिएको” भनेर उनी मन मनै गुन्थिन् र मुस्कुराउँथिन् । केही वर्षमा नै गोपालले आफ्नी प्यारी श्रीमती कान्छीमायालाई पनि हङकङ बोलायो । उनी लाटी थिइनन् । गाउँमा हुर्केकी भए पनि पढेलेखेकी थिइन् । दश पास थिइन् उनी । भर्खरै एसएलसी पनि दिएकी थिइन् । रिजल्ट भएपछि दोस्रो श्रेणीमा उत्तिर्ण हुने आशा लिएकी कान्छीमाया सबै औपचारिकता पूरा गरेर आफैं हङकङ पुगिन् । केही दिन त राम्रैसँग बित्यो । तर, छिटै कान्छीमायाले गोपालको पिएर अबेला घर आउने बानी थाहा पाइन् । उ पिएर मातेपछि कहिलेकाहीँ मेसमा साथीहरुसँग झगडा पनि गर्दो रहेछ । नपिउँदा भने उ काममा होस् वा खेलकुदमा, सबै गोराहरु र आफूभन्दा माथिका अफिसरहरुको प्रियपात्र नै थियो । त्यसैले छिटफूट गल्तीको खासै गन्ती हुँदैनथ्यो । कान्छीमायाको चिनजान अन्य पल्टनेका श्रीमतीहरुसँग भयो । सबैका श्रीमान् दिनभरि भक्कु काम गरेर बेलुकी मेसमा गफ गर्दै पिएर घर फर्कने गरेको तथ्य थाहा पाएपछि कान्छीमायाले पनि आफ्नो श्रीमान्को ढिलो घर आउने बानीलाई स्वाभाविक ठान्न थालिन् । बिदाका बेला उनीहरु ओसन पार्क, टाइमासन पहाड, भिक्टोरिया पिक तथा अन्य रमणीय ठाउँहरु तथा

टापुहरु जाने गर्दथे भने किनमेलमा मोङ्गकक, जोर्डन, चुङ्किङ, युएनलुङ, पारी हङकङ आदि जाने गर्दथे । साब्नीहरु तथा अन्य पल्टनेहरुका श्रीमतीहरु जस्तै कान्छीमायाले पनि सिलाई-बुनाई तथा विभिन्न खाले कामहरुको तालिम पनि लिइन् ।

एक दिन बिहानको चिया लिएर श्रीमान्को सामु आएकी कान्छीमाया अकस्मात् रिङ्गटा लागेर लडिन् । यस्तो बेला के गर्ने भनेर सोच्न पनि नसकेर गोपाल हत्तारिँदै सँगैको घरमा बस्ने रामबहादुरकी श्रीमती ललितालाई बोलाउन गए । ललिता नर्स पनि थिइन् । छिमेकका कोही बिरामी पर्दा सबैभन्दा पहिला उसैको सहायता लिइन्थ्यो । रामबहादुर र गोपाल ललितालाई साथमा लिएर कान्छीमाया भएको ठाउँमा पुगे । ललिताले कान्छीमायाको निधारको पसिना पुछेर सोफाको आडमा राखिन् र केही जाँच गरिन् । त्यसपछि आफ्नो लोग्नेतिर हेर्दै 'लौ, तपाईंको साथी पनि छिट्टै बाबा बन्ने हुनु भयो' भनिन् । गोपालको मुहारमा तुरन्त खुशीको बहार आयो र सँगसँगै कान्छीमाया पनि सकी नसकी पेटमा हात राखेर लाज मान्दै मुस्कुराइन् । गोपाल एक पटक फेरी झस्कन्छ । उसको ह्वील चेयरमा । बैंश चढिसकेकी गोरी छोरी र उभन्दा अलि सानो भाई घरको छतमा बसेर बात मारिरहेका थिए तथा उस्का बृद्ध बुवा र आमा करेसा बारीमा झार उखेलिरहेका थिए ।

आफूले हासिल गरेको ज्ञानको उपयोग गर्न कान्छीमायाले पल्टनेहरुका साना नानीहरुको लागि खोलिएको छिमेकको प्राइमरी स्कूलमा पढाउन थालिन् । गोपाल पनि लप्टनसम्म भयो । उनीहरुको इज्जत आर्मीमा निकै बढ्दै गयो । उनीहरुको परिवार त्यहाँस्थित पल्टनमा नै आदर्श परिवारको रुपमा चिनिन थाल्यो । सानै उमेरमा ब्वाईको रुपमा पल्टने जागिर शुरु गरेको गोपालको अवकाशको समय पनि आयो । खासै उमेर नढल्केको भएता पनि नोकरीको अवधिको आधारमा रिटायर्ड भएर घर फर्कन लाग्दा सबै दौंतरीहरुको सामु आँखाभरि आँशु पारेर बिदा भएका झलकहरु गोपालको आँखामा अझै पनि आउँछन् । तर, नेपाल फर्केर आएपछि भने अब के गर्ने र कमाएर ल्याएको पैसा कसरी उपयोग गर्ने भन्ने कुराले पिरोल्न थाल्यो उसलाई । हुनत नेपाल फर्कने वित्तिकै गोर्खा वेलफेयरको कार्यालयले उ लगायत अवकाशप्राप्त धेरै साथिहरुलाई विभिन्न प्राविधिक विषयहरुको दुई तिन महिने तालिम नै दिएको थियो । तैपनि व्यवसायी बन्ने हिम्मत उ जस्तो फौजीमा पलाईसकेको थिएन भने उ दोस्रो जागिरको रुपमा फेरी ब्रुनाई वा अन्य देशमा काम गर्न जान पनि चाहँदैनथ्यो । उसको इच्छा त अब बृद्ध बाबा आमा र परिवारका अन्य सदस्यहरुसँग बस्ने नै रहेको थियो ।

अर्कोतिर एक थरी ठगहरु सँधै पल्टनबाट को को फर्क्यो र उसलाई कसरी मुर्गा बनाउने भनेर सोचेर बसेका हुँदा रहेछन् । त्यस्तै केही व्यक्तिहरुको फन्दामा उ पऱ्यो । शुरुमा उनिहरुले आफ्नो पैसा खर्च गरेर खुवाउने-पिलाउने तथा खुकुलो चरित्र भएका केटीहरु कहाँ लिएर जाने गरेर गोपालको सोझो मन जिते भने छिटै उसलाई तवाहीको बाटोतिर लिएर जान थाले । तै पढेलेखेकी चलाख श्रीमती पाएकोले अनेक बाधाअड्काउको बाबजुद कान्छीमायाले फकाएर हुन्छ कि रिसाएर हुन्छ, एउटा घडेरी किनेर धरानमा आफ्नो घर बनाउन सफल भइन् । अब उनलाई खासै फिक्री थिएन । घर छँदैछ, पेन्सन आइहाल्छ, अलिकति घर बहाल पनि आएकै छ । पुख्यौली खेतबाट केही गेडा धान र तरकारी पनि खान पाइएकै छ । बुढा बाबा आमाको उपचार र रेखदेखमा कुनै कमी आएको छैन र छोराछोरीले राम्रो लुगा लगाउन, मिठो खान र राम्रो स्कूलमा पढ्न पनि पाएकै छन् । केही हदसम्म गोपालको खराब व्यक्तिहरुसँग हिँड्ने क्रम पनि बन्द भएकै थियो । तर, बियरबाट रक्सी र त्यो पनि बिहानैदेखि खाएर जवानीको स्याउजस्तो रातोपिरो गाला भएको गोपाल अहिले हडकडे च्याउजस्तै कालो भएको छ । भित्र भित्र के के भइसक्यो, थाहा छैन । बिस्तारै उ फोहोरी पनि हुँदै गएको छ । यत्तिकैमा एक दिन अकस्मात् उ बेहोस् भएर लड्छ

। कान्छीमाया, उसका बाबा र छोराछोरी तथा छिमेकीले हत्तपत्त घोपा क्याम्पको अस्पताल पुऱ्याउँछन् उसलाई । केही सेकेण्ड मात्र अबेला भएको भए ज्यानै जाने रहेछ । तर समयमा पुऱ्याएकोले उ अब बाँच्न सक्ने कुरा डाक्टरले बताए । रक्सीको अधिक सेवनले उसको रक्तचाप बढ्दै गएको रहेछ । तर, उसलाई यो कुरा थाहा भएन र उच्च रक्तचापले गर्दा उसको टाउकोको रगत जाने सानो नलीमा रक्तश्राव भएको रहेछ । करिब छ महिनासम्म उसको शरीरको देब्रे हर चल्दै चलेन भने उसले बोल्न पनि सकेन । डाक्टरको रेखदेख र कान्छीमाया तथा उसका छोराछोरीको न्यानो माया र स्याहारको फलस्परुप आज उसको शरीरका अङ्गहरु चल्न त सक्ने भए तर अझै पनि उ हिँड्न सक्ने भएको छैन । डाक्टरको भनाइअनुसार उसको टाउकोमा जमेको रगत पूरै सफा भएपछि उ बिस्तारै हिँड्न सक्नेछ अरे । त्यस्तै रक्सीको सेवन पूरै बन्द भएको भएर उसको कलेजो पनि अब स्वस्थ हुँदै गएको छ र त्यही भएको भएर उसको मुहार फेरी उज्यालो हुँदै गएको छ ।

यिनै आशाका साथ गोपाल ह्वील चेयरमा घरको वरिपरि घुम्छ र अब आइन्दा असल लोग्ने र बाबु हुने प्रण पनि गरेको छ उसले । चलाख र मेहनती श्रीमती पाएकोले आज उसको घर स्वर्ग जस्तो भएको छ । वास्तवमा उ एकदम सन्तुष्ट छ । उसले नयाँ जिन्दगी पाएको छ । छिट्टै उ हिँड्न सक्ने हुन्छ । त्यसपछि केही आयमूलक इलम गरेर बाँकी जीवन समाजसेवामा लगाउने उसको इच्छा छ । कान्छीमाया पनि दिनमा एक पटक उ र उसका संगिनीहरु मिलेर खोलेको महिला सीप प्रशिक्षण संस्थामा जान्छिन् । त्यो संस्थामा गृहिणी महिलाहरु र श्रीमान् नभएका एकल महिलाहरुलाई विभिन्न खाले सीपमूलक कामहरु जस्तै सिलाई-बुनाई, घरेलु इलम तथा वित्तीय साक्षरताको तालीम पनि दिइन्छ । साथै उनिहरुले उत्पादन गरेका घरायसी खाद्य पदार्थ तथा सिलाई-बुनाईका सामान र तयारी पोशाकहरु विक्री गर्ने कक्ष पनि खोलिएको छ र त्यस्ता सामानहरु ठूला व्यापारीहरु कहाँ समेत बेचेर आएको रकमबाट उनिहरुलाई केही आर्थिक लाभ समेत भएको छ । महिलाहरुलाई साइकल चढ्न पनि सिकाइन्छ त्यहाँ । कान्छीमाया आफुले यस्तो पवित्र काम गर्न पाएकोमा निकै खुशी छिन् । गोपाललाई पनि आशा छ कि यो आउने तिहारमा बाबा-आमा, श्रीमती र छोराछोरीसँग बसेर घरभरि सयपत्रीको माला हाल्न र राती मैनबत्ती बालेर तिहारको रमाइलो लिन उसले पाउने छ । उसका बाबा-आमा पनि घरमा साँच्चैकी लक्ष्मीको बास भएकोले नै आज गोपाललगायत परिवारका सबै सदस्यहरु सुखद् जिन्दगी बिताइरहेको विश्वास गर्छन् ।

गोपाल ह्वील चेयरमा नै झस्कन्छ । साँझ परिसकेछ । उसको गार्डको काम गर्ने एल्शिसन कुकुर शेराले आफ्नो मालिकलाई मायाले सुम्सुम्याउँछ । गोपाल बिस्तारै ह्वील चेयरको पाङ्ग्रा घुमाउँदै घरभित्र जान्छ । भोलि फेरि खुल्ने गरी ढोका बन्द हुन्छ । गोपालकी श्रीमती कान्छीमाया चलाख र केही हदसम्म पढेलेखेकी महिला भएकीले उसको जीवनमा केही उतार-चढाउ आए पनि आज उ र उसको परिवारको जीवनशैली निकै राम्रो छ । तर, यहाँ कति गोपालहरु छन्, जो आफ्ना विगतका उकाली-ओराली सम्झेर टोलाइरहेका छन् । सानातिना परामर्श र असल साथीको अभावमा आज कहिल्यै उठ्न नसक्ने गरेर भास्सिइरहेका छन् । आशा गरौं सबै गोपालहरुले यस कथाकी आदर्श पात्र जस्तै कान्छीमायाहरु पाउन् र सुखमय जीवन निर्वाह गर्न सकुन् ।

** लेखक विकास अर्थशास्त्री र पुर्वबैंकर तथा नेपाल एकल व्यक्तित्व समाजका अध्यक्ष समेत हुन् ।*
*२०७८ साल जेठ २८ गते*